# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८०/८१
च.नं. :

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६


मितिः २०८१/०३/१३
ने.सं. ११४४ तछलागा ६

## सूचना

**विषयः राष्ट्रिय परिचय पत्र सम्बन्धमा।**

प्रस्तुत विषयमा यस नगरपालिकामा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको प.सं.०८०/८१, च.नं.३८५, मिति २०८१/०१/२४ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको परिचयपत्र नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य गरिएको र सोही अनुसार यस न.पा. भित्रका जेष्ठ नागरिकको राष्ट्रिय परिचयपत्रको फोटो खिच्ने कार्य भैरहेको व्यहोरा अनुरोध छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८१/०२/३० को सूचना र गृहमन्त्रालयको मिति २०८१/०३/१० को विज्ञप्ति अनुसार बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति, अशक्त, असाह्य र ९० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र आवश्यक नपर्ने भनि आएकोले बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति, अशक्त, असाहय र ९० वर्ष माथिका जेष्ठ नागरिकहरु बाहेकका हाल सम्म राष्ट्रिय परिचयपत्रको लागि फोटो नखिचाएका व्यक्तिहरुले २०८१ भाद्र मसान्त सम्म राष्ट्रिय परिचयपत्रको फोटो खिचाउन सक्ने व्यहोरा अनुरोध छ।

राष्ट्रिय परिचयपत्रको लागि आफ्नो वडामा फोटो खिचाई राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नगरेका व्यक्तिहरुको फोटो खिचाएको फाराम सम्बन्धित वडाले संकलन गरि नगरपालिकामा उपलब्ध गराउनु हुन अनुरोध छ।

यस नगरपालिकाको दर्ता स्टेशनबाट नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु (जेष्ठ नागरिक, असाहय, विधुवा लगायत) र पेन्सन प्राप्त गर्ने व्यक्तिहरुको मात्र फोटो खिच्ने कार्य भइरहेको र सो कार्यलाई सरलीकृत गर्न यस नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाबाट निशुल्क रुपमा Online फारम भर्ने व्यवस्था मिलाईएकोले (घरमै Online विवरण Entry गर्न सक्ने व्यक्ति भएमा आफैले Online विवरण Entry गरि ल्याउन सकिने) सोही शाखाबाट Online फारम भरी फोटो खिचाउने व्यवस्था गर्नुहुन सामाजिक सुरक्षा भत्ता र पेन्सन प्राप्त गर्ने लाभग्राही/व्यक्तिहरुलाई अनुरोध छ।

हाल यस नगरपालिका भित्रका स्थायी बासिन्दा (जेष्ठ नागरिक, असाहय, विधुवा लगायत) र पेन्सन प्राप्त गर्ने व्यक्तिहरुको मात्र फोटो खिच्ने कार्य भईरहेकोले अन्य पालिकाको हकमा फोटो खिच्ने सेवा अर्को व्यवस्था नभए सम्म बन्द गरिएको व्यहोरा अनुरोध छ।

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत